म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्ष:१४ अङ्क:- १११ २०७९ फागुन ३० गते मंगलबार 14 March 2023, Tuesday - पृष्ठ ४ मूल्य रु. ५/-


## हेटौंडामा किताबघर सञ्चालनमा

हेटौंडाः बागमती प्रदेशको राजधानी हेटौंडामा किताबघर सञ्चालनमा आएको छ । पठन संस्कृतिको विकास गर्न आकर्षक पुस्तक विक्री कक्षकोरुपमा किताबघर सञ्चालनमा आएको हो । मकवानपुरका साहित्यकार, शिक्षक, शिक्षाप्रेमीको संयुक्त लगानीमा करिब २० लाख रुपैयाँ लागतमा किताबघर सञ्चालनमा आएको हो । सोमबार अनौपचारिकरुपमै सञ्चालनमा आएको किताबघरमा पहिलो दिन १ सय २४ थान विविध पुस्तक विक्री भएको सञ्चालक छवि अनित्यले जानकारी दिनुभयो । पुस्तक विक्री केन्द्रका साथसाथै पुस्तक अध्ययन तथा समसामयिक विषयमा समीक्षा, बहस, विद्यार्थीलाई सिर्जनशील बनाउन प्रशिक्षणात्मक कार्यक्रम समेत आयोजना गरिने बताइएको छ ।

# राष्ट्रपति रामचन्द्र पौडेलद्वारा सपथ ग्रहण



समाज संवाददाता

काठमाडौंः नवनिर्वाचित राष्ट्रपति रामचन्द्र पौडेलले पद तथा गोपनीयताको शपथ ग्रहण गर्नुभएको छ । सोमबार शीतल निवासमा आयोजित शपथ समारोहमा कामु प्रधानन्ययाधीश हरिकृष्ण कार्कीले पौडेललाई पद तथा गोपनीयताको शपथ गराउनुभएको हो ।

शपथपछि निवर्तमान राष्ट्रपति विद्यादेवी भण्डारीले आफ्नो कुर्सी राष्ट्रपति रामचन्द्र पौडेललाई हस्तान्तरण गर्नुभयो । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले निवर्तमान राष्ट्रपति भण्डारीलाई सरकारका तर्फबाट उपहार प्रदान गर्नुभएको थियो । नवनिर्वाचित राष्ट्रपति रामचन्द्र पौडेललाई भारतीय राष्ट्रपति द्रौपदी मुर्मुले बधाई ज्ञापन गर्नुभएको छ । यस्तै चीन सरकारले पनि राष्ट्रपति पौडेललाई बधाई दिएको छ ।

### बागमती सरकारको निर्णय

# मन्त्रालयका भवनहरु बनाउन सुरु गर्ने

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेश सरकारको मन्त्रालयका भवनहरु हेटौंडा-१६, हटियामा बनाउनका लागि प्रक्रिया सुरु गर्ने निर्णय भएको छ। मन्त्रीपरिषद्को सोमबार बिहान बसेको बैठकले मन्त्रालयको भवन र अन्य पूर्वाधारहरु बनाउन वातावरणीय प्रभाव मूल्यांकन गर्ने निर्णय भएको सरकारका प्रवक्ता आर्थिक मामिला तथा योजना मन्त्री जगन्नाथ थपलियाले जनाउनुभयो ।

प्रदेश सरकारले मकवानपुरका विभिन्न स्थानमा जग्गा पहिचान गरी त्यस स्थानमा प्रदेश संरचना बनाउन संघीय सरकारलाई सिफारिस गरेपनि हटियाको कित्ता नम्बर १९६ मा रहेको ५४ विगाह जमिनको मात्र संघीय सरकारबाट स्वीकृति प्राप्त भएको उहाँले जानकारी दिनुभएको छ। सिफारिस गरिएका अरु जग्गा प्राप्तिको प्रक्रियामा रहेको उहाँको भनाइ छ ।

प्रदेश सरकारले हेटौंडा-१७ डिपोचौर मा मकवानपुर बहुमुखी सहकारी संस्था लिमिटेडको नाममा रहेको कित्ता नम्बर १८३ को १२ विगाहा, हेटौंडा सिमेन्ट उद्योगले अधिग्रहण गरी प्रयोगमा नआएको हेटौंडा-९, लामसुरे हाइटमा २० विगाहा र हालको प्रदेश मन्त्री निवास खण्डदेखि दक्षिण भागमा रहेको ४ विगाहा गरी करीब २४ विगाहा जग्गा बागमती प्रदेश सरकारको नाममा ल्याउनका लागि केन्द्र सरकारसँग माग गरेको थियो । यसैगरी नापी नभएका हेटौंडा-६, चित्रेपानीको करिब २४ बिगाहा र हेटौंडा-१९, लेवटमा रहेको करिब ८० बिगाहा जग्गा समेत प्रदेश सरकारको नाममा ल्याउनका लागि संघीय सरकारसँग अनुरोध गरिएको थियो ।

प्रदेशले आफ्नो संरचना बनाउन नसक्दा अहिले एउटा मन्त्रालय भाडाको घरबाट सञ्चालन भैरहेको छ भने मुख्यमन्त्री कार्यालयसहितका अरु मन्त्रालय र कार्यालयहरु तत्कालिन संघीय सरकारका विभिन्न भवनहरुबाट सञ्चालित छन् ।

# हेटौंडा अस्पतालमा जटिल शल्यक्रिया

समाज संवाददाता

हेटौंडाः मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानमातहतको हेटौंडा अस्पतालमा फागुन महिनामा तीन वटा जटिल शल्यक्रिया भएको छ । हेटौंडा अस्पतालमा पित्तथैलीको आन्द्रामा रहेको पत्थरी, ठूलो आन्द्रामा क्यान्सर र ठूलो आन्द्रामा मासु पलाएका विरामीको शल्यक्रिया गरी उपचार गरिएको हेटौंडा अस्पतालका चिकित्सकले जानकारी दिएको छ ।

नियमित शल्यक्रिया सेवाकै क्रममा जटिल किसिमको शल्यक्रिया गरी उपचार गरिएको हेटौंडा अस्पतालका सर्जन डा. सरोज प्रधानले जानकारी दिनुभयो । पित्तथैलीको आन्द्राको पत्थरीको शल्यक्रिया गराउने सेवाग्राही ३८ वर्षीया महिला रहनुभएको छ भने ठूलो आन्द्राको क्यान्सरको समस्या ३५ बर्षीय पुरुषको हो । यस्तै ६० वर्षीय पुरुषको ठूलो आन्द्रामा मासु पलाएको उपचार गरिएको छ । हेटौंडा अस्पतालको सेवा प्रवाहमा पछिल्लो समय सुधार हुँदै आएको छ। हेटौंडा अस्पतालमा साताको दुईदिन सर्जरी सेवा प्रदान गर्ने गरेको छ। हेटौंडा अस्पतालमै सिटी स्क्यान सेवा सुचारु एसँगै जटिल किसिमका शल्यक्रिया गर्न पनि सहयोग पुगेको डा. प्रधान बताउनुहुन्छ। डा. सरोज प्रधानसँगै डा. निश्चल खनाल, डा. निराजन श्रेष्ठ र डा. प्रकाश साहको टोलीले फागुन महिनामा ३ वटा जटिल शल्यक्रिया गरेको हो ।

# ७ महिनामा ३८९ किशोरी आमा बने

समाज संवाददाता

**हेटौंडाः हेटौंडा अस्पतालमा ७ महिनाको अवधिमा ३ सय ८९ किशोरी आमा बनेका छन् । जिल्ला अस्पतालको चालु आर्थिक वर्षको साउनदेखि माघसम्मको विवरण हेर्दा २० वर्षभन्दा कम उमेरमा आमा बन्ने किशोरीको संख्या अधिक देखिएको छ ।**

**प्रसुति हुने किशोरीहरुमध्ये दक्ष प्रसुतिकर्मीबाट ३ सय १८ जना किशोरीहरुले प्रसुति सेवा लिएका छन् । दक्ष स्वास्थ्यकर्मीबाट ३६ जना, अन्य स्वास्थ्यकर्मीबाट २१ जना र १४ जना घरमा प्रसुति भएको जनाइएको छ । डाक्टरका अनुसार कम उमेरका महिलाहरुले बच्चा नर्मल जन्माउन नसक्ने र अप्रेशन गर्नुपर्ने, रक्तश्राव धेरै हुने, समय नपुगी प्रसुति हुने, बच्चा खेर जाने र आमा बच्चा दुबैलाई ज्यानको जोखिमको अवस्था रहने गरेको बताउँछन् ।**

**जिल्लाको दश वटा स्थानीय तहहरुमा २० वर्षभन्दा कम उमेरका किशोरीहरुले पहिलोपटक जुनसुकै समयमा गर्भवती जाँच गर्ने महिलाको संख्या ५ सय ६७ जना रहेका छन् । जसमध्ये दोस्रो पटक १२ हप्तासम्म जाँच गर्न आउने गर्भवतीको संख्या २ सय ८८ जना रहेका छन् । पहिलो पटकको तुलनामा दोस्रो पटक गर्भवती जाँच गराउन आउने किशोरीको संख्या भने आधा संख्यामा घटेको देखिन्छ । चौथो पटक (१६, २० देखि २४, ३२ र ३६ हप्ता) सम्म ३ सय ८९ जनाले र ८ औं पटक (प्रोटोकलअनुसार) ९९ जना किशोरीहरुले गर्भवती जाँच गराएको विवरणमा उल्लेख गरिएको छ ।**

**मकवानपुर जिल्लालाई आर्थिक वर्ष २०७४/०७५ को जिल्ला सभा बैठकले ३ वर्षभित्रमा जिल्लालाई पूर्णरुपमा बालमैत्री स्थानीय तह घोषणा गर्ने भनेता पनि मनहरी गाउँपालिका, बकैया गाउँपालिका र मकवानपुरगढी गाउँपालिकामात्रै बालमैत्री स्थानीय तह घोषणा** ...बाँकी पृष्ठ ३ मा


## हार्दिक बधाई



यस ग्रामीण असहाय बालबालिका सामुदायिक पुनर्स्थापना केन्द्रकी अध्यक्ष आदरणीय **सुमित्रा काफले** नेपाल रेडक्रस सोसाइटी मकवानपुर जिल्ला शाखाको हालै सम्पन्न अधिवेशनबाट मन्त्री पदमा सर्वसम्मत निर्वाचित हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

**ग्रामीण असहाय बालबालिका सामुदायिक पुनर्स्थापना केन्द्र परिवार**

**हेटौंडा-११, मकवानपुर**



## सम्पादकीय

# डढेलो नियन्त्रण आवश्यक

जाडो मौसमको अन्त्यसँगै गर्मी र सुख्खा मौसम सुरु हुन्छ । यस समयमा हावा हुरीसमेत चल्ने गर्दछ । यही बेला वनजंगलका रुखहरुको पात झरेर सुकेका हुन्छन् । यसैकारण फागुनदेखि बैशाखसम्म डढेलो र आगलागीका घटनाहरु बढी नै हुने गर्दछन् । तराई मधेश, चुरे, महाभारत पहाड तथा उच्च पहाडी क्षेत्रमा रहेका राष्ट्रिय तथा सामुदायिक वन क्षेत्रमा डढेलो लाग्ने र लगाउने कार्य यस समयमा देशैभर हुन्छन् । यसको असर मकवानपुर जिल्लामा पनि देखिने गरेको छ । पर्याप्त वन क्षेत्र भएका कारण मकवानपुरमा अत्यधिक डढेलोको समस्या वर्षेनि बढ्दै गएको छ । यस वर्ष हिउँदे वर्षा नभएका कारण वातावरण बढी नै सुख्खा भएको छ । यसले आगलागी र वनजंगलमा डढेलो लाग्ने सम्भावना बढ्ने र त्यसबाट गम्भीर जोखिम उत्पन्न हुने अनुमान गर्न सकिन्छ । वन डढेलोले वरपरका मानव बस्तीमा आगलागीको सम्भावना बढ्नुका साथै वनमा रहेका विरुवा तथा जीवजन्तु मर्ने, अन्य भौतिक संरचनामा क्षति पुग्ने र वातावरणमा नकारात्मक प्रभाव पार्ने गर्दछ । यसले मानव स्वास्थ्यमा पनि गम्भीर असर पर्दछ ।

सुख्खा मौसममा आगलागीका घटना बढी हुने भएका कारण दैनिकजसो वारुणयन्त्र (दमकल)को साइरन सुन्ने गरिन्छ । यस वर्ष फागुन महिनामा मात्रै हेटौंडा उपमहानगरपालिकाको बारुणयन्त्रले ४० स्थानको आगलागीका घटना नियन्त्रणमा लिएको छ । यसले आगलागीका घटना प्रकोपको रुपमा फैलिने सम्भावना बढाएको छ । आइतबार पनि हेटौंडा उपमहानगरपालिकाको दुईवटा दमकलले आगलागी नियन्त्रणका लागि ४ पटक कुदेको छ । फागुनमा नेपाल विद्युत् प्राधिकरणको केन्द्रीय वर्कशपको स्टोर र हेटौंडाको डम्पिङ साइटमा सबैभन्दा ठूलो आगलागीका घटना भएको छ । यस अवधिमा वन क्षेत्रमा लागेको डढेलो नियन्त्रणका लागि बढीजसो दमकल प्रयोग भएको पाइन्छ । आगलागी र वन डढेलोको घटना बढ्दै जाँदा उपमहानगरपालिकालाई दमकल थप गर्नुपर्ने बाध्यता बन्दै गएको छ । वनजंगलमा डढेलो फैलिएपछि नियन्त्रण गर्न धेरै गाह्रो पर्दछ । डढेलोबाट बच्ने प्रभावकारी उपाय भनेको डढेलो लाग्नै नदिनु हो । यसका लागि डढेलो लाग्न नदिनेतर्फ सबै पक्षको सतर्कता र पूर्वतयारी आवश्यक पर्दछ ।


नेपालको अधिकांश वनमा पतझड विरुवाको बाहुल्यता छ । वसन्त ऋतुको सुरुवातसँगै बोटविरुवाबाट पात झर्न सुरु हुन्छ । यसैसँग सुरु हुने सुख्खायामका कारण झरेका पातहरु सुकेर सामान्य आगोको झिल्कोले पनि आगलागी हुने सम्भावना बढी हुन्छ । अनि मानिसको सामान्य असावधानीको कारण पनि वनमा आगो सल्किएर डढेलोको रुप लिन पुग्छ । चुरोट सेवन गर्ने मानिसले फालेको ठुटोले वनमा डढेलो लाग्नसक्छ । हावाहुरीको कारण आगोका झिल्काहरु उडाएर पनि डढेलो लाग्न सक्छ । मानिसले आफ्नो स्वार्थपूर्तिका लागि जानाजान डढेलो लगाउन सक्छन् । जसरी डढेलो लागे पनि त्यसले प्राकृतिक वनस्पति र जीवजन्तुलाई असर त पुग्छ नै, अन्ततः मानिसलाई धेरै प्रकारका नकारात्मक असर गर्दछ । सानो आगो लाग्दा वास्ता नगर्ने कारण सोही आगो फैलिएर ठूलो रुप लिने हुँदा पनि डढेलोको असर व्यापक बन्ने गरेको छ ।

वन डढेलो तथा आगलागीबाट हुने जनधनको क्षति, जैविक विविधतामा हुने ह्रास तथा वातावरण प्रदूषणबाट बच्न सरोकारवालाहरु सचेत बन्नुपर्छ । वनजंगलमा लाग्ने डढेलो र आगलागी समयमै नियन्त्रण गर्न प्रभावकारी व्यवस्था अपनाउनु पर्छ । राजमार्ग तथा सडक सुविधा पुगेको वनजंगलमा लागेको डढेलो नियन्त्रणका लागि दमकल प्रयोग गर्न सकिने भए पनि सबैतिर यस्तो सुविधा हुँदैन । दमकल पुग्न नसक्ने वन क्षेत्रमा अन्य वैकल्पिक उपायबाट डढेलो नियन्त्रण गर्नुपर्छ । डढेलो बढी लाग्ने क्षेत्रहरुमा यससम्बन्धी सचेतना अभियान सञ्चालन गर्नुपर्छ । स्थानीय सरकारलाई डढेलो नियन्त्रणका लागि स्रोत, साधनले सम्पन्न बनाउनु जरुरी छ । वन विनाशको एउटा महत्वपूर्ण कारण बनिरहेको डढेलो नियन्त्रण गरेर वन संरक्षणमा सबैको चासो र सक्रियता बढ्नु आवश्यक छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : व्यापार–व्यवसाय मध्यमकारक रहने समय छ ।
**वृष** : प्रेम र दाम्पत्य जीवन सुमधुर रहने समयको योग छ ।
**मिथुन** : भावुक र संवेदनशीन बनिने समय योग छ ।
**कर्कट** : व्यापार–व्यवसाय मध्यमकारक रहने समय छ ।
**सिंह** : स्वास्थ्य र सागसज्जाप्रति ध्यान पुऱ्याउनु पर्ला ।
**कन्या** : आत्मबल बढ्नुका साथै मानसिक दृढता कायम ।
**तुला** : शंकालु स्वभावले आफैलाई पीडा हुने समय छ ।
**वृश्चिक** : बन्दव्यापार र व्यवसाय मध्यमकारक रहला ।
**धनु** : गन्तव्य स्थानमा पुग्न दबाब र पकड कायमै रहला ।
**मकर** : जोखिम र संकटबाट राम्रो रहने समय छ ।
**कुम्भ** : आकस्मिक धन प्राप्ति हुने समयको योग छ ।
**मीन** : अभिभावक र विशिष्ट व्यक्तिको सहयोग प्राप्त ।

# सांसदको भाषण र काम नाप्ने मिटर !



**सुमना श्रेष्ठ**

नयाँ संविधान निर्माण भएपछि नेपालमा दुईपटक आमनिर्वाचन सम्पन्न भइसकेको छ। निर्वाचनको मुखमा देशका हरेक चौर-चौतारी दलहरुका चुनावी घोषणापत्रले रंगिन्छ । चिया गफदेखि ठुल्ठूला सभा र बहसमा मानिसहरु तिनै घोषणापत्र दाँज्ने, नियाल्ने र प्रश्न गर्ने गर्छन् ।

यी सबै गतिविधिका कारण निर्वाचनले वास्तवमै राष्ट्रिय उत्सवको आकार लिएको हुन्छ। तर जब मौन अवधि हुँदै मतगणना सकिन्छ, ती घोषणापत्रहरु रद्दी कागजमा परिणत हुन्छन्। जुन घोषणापत्रमाथि चिया पसलमा घगडान सैद्धान्तिक बहस हुन्थ्यो, चुनावपछि त्यही घोषणापत्र तिनै चिया पसलमा टेबल पुछ्न र मःमः पोको पार्न प्रयोग गरिन्छ ।

यसरी सबै राजनीतिक दलका घोषणापत्र छोटो समयमै राष्ट्रिय चासोको दस्तावेजबाट कागजको टुक्रामा परिणत हुन पुग्छ । यति मात्र होइन, जब हाम्रा प्रतिनिधिहरु संसद भवन पुग्छन्, तब हामी आफैं ती घोषणापत्रमा उल्लिखित बाचाहरु भुलिदिन्छौं । केही असामान्य गतिविधि भए मात्र संसद भवनमा के हुँदैछ भन्ने जानकारी नागरिकसमक्ष पुग्छ । बजेट भाषण हुँदा वा यस्तै कुनै महत्वपूर्ण घडीमा वर्षको एकाधपटक मात्र हामी संसदको प्रत्यक्ष प्रसारण सुन्ने गर्छौं । विधेयक मस्यौदाको प्रक्रिया, विधेयक दर्ता, विधेयकमा हुने दफावार छलफल, विधेयकमा प्रस्तावित संशोधन प्रक्रियामा नागरिकको चासो अत्यन्तै कम हुन्छ ।

कुनै विधेयक संसदमा पेस भएपछि त्यसबारे आउने समाचारमा पनि मतदाताको क्षणिक आकर्षण मात्र देखिन्छ । मिडिया वा सामाजिक सञ्जालमा हुने छलफलअनुसार हामी ती विषयमा आफ्नो विचार निर्माण गर्छौं । आफ्ना सांसदको विचारधारा र कुनै विधेयकप्रति उनीहरुका विचारलाई वस्तुगत रुपमा विश्लेषण गर्दैनौं ।

अन्तर्वार्ताहरुमा मलाई प्रायः मेरो राजनीतिक झुकाव वा धारणा के हो भनेर सोध्ने गरिन्छ । म लेफ्टिस्ट हुँ कि राइटिस्ट वा सेन्ट्रिस्ट भन्नेमा चासो राखिन्छ । त्यस्तो बेला म एक शब्दको उत्तर दिउँला अनि अर्को प्रश्नतर्फ मोडिऊँला, तर केही दिनपछि जब आफ्नो राजनीतिक धारणालाई नीति निर्माण वा कार्यान्वयनमा उतार्ने समय आउँछ, म आफूले भनेविपरीतको धारणालाई समर्थन गर्न सक्छु । अब भन्नुहोस् यो अवस्थामा तपाईंहरु मेरो बोलीलाई आधार मान्नुहुन्छ कि मैले गरेको कामलाई ? मेरो बोलाइ र गराइमा भएको भिन्नता कसले हेर्ने ? नेपाली जनताले म लगायतका जनप्रतिनिधिलाई कसरी जवाफदेही बनाउने ?

नागरिकले आफ्ना प्रतिनिधिलाई जवाफदेही बनाउने माध्यम नभएको आजको अवस्थामा म जनप्रतिनिधिको काम र धारणा मापन गर्ने मिटर, अर्थात् 'धारणा-मिटर' प्रस्ताव गर्न चाहन्छु ।

घरमा कति पानी तान्यो भनेर अंकमा तथ्यांक रेकर्ड गर्ने मिटर तपाईंहरुलाई थाहै छ। हामी उत्तर फर्केको हो कि दक्षिण, पूर्व हो कि पश्चिम भनेर दिशा देखाउने कम्पास पनि तपाईंहरुले देख्नुभएकै छ । धारणा-मिटरले त्यस्तै काम गर्छ ।

यसले जनप्रतिनिधिका धारणालाई उनीहरुको बोली र काम विश्लेषण गरी अभिलेख राख्छ र त्यसको मापन गर्छ । यस्तो धारणा-मिटर भइदिए सायद अर्को पाँच वर्षमा हामी फरक बाचा र आधार सहित चुनावमा जाने थियौं। घोषणापत्रको कागजी महल देखाएर होइन, विगतमा गरेका काम देखाएर चुनावमा मत माग्ने अवस्था आउन सक्थ्यो ।

### धारणा-मिटर किन त ?

हामी सबैलाई थाहा छ, सदन भनेको जनताको हो, सरकारको होइन । सदनमा के हुँदैछ र जनप्रतिनिधिले के गर्दैछन् भनेर हेर्न पाउने अधिकार सदैव नागरिकलाई हुन्छ। धारणा-मिटर यसै सिद्धान्तमा आधारित छ। जनप्रतिनिधिका काम, कर्तव्य, अधिकार, जिम्मेवारी र भूमिकाबारे नागरिकमा सचेतना वृद्धिका साथै जनप्रतिनिधिलाई जवाफदेही बनाउन अपरिहार्य छ। यसका लागि हामीले गरेका बाचा, हामीले व्यक्त गरेका धारणा, संसद र सरकारमा हाम्रो भूमिका लगायत आधारमा ठोस मूल्यांकन मापदण्ड आवश्यक हुन्छ ।

कानुनको व्याख्यामा जनप्रतिनिधिका धारणाको अभिलेखले एउटा महत्वपूर्ण भूमिका निर्वाह गर्छ। तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले गरेको संसद विघटन मुद्दासम्बन्धी बहसमा संविधानको व्याख्या गर्दा संविधानसभामा भएका बहसको रेकर्ड मगाउन अनुरोध गरिएको थियो । अदालतले कुनै कानुन विश्लेषण गर्दा विधेयकमाथि भएका सैद्धान्तिक तथा दफावार छलफलका कागजात मगाउने अभ्यास देखिन्छ। अन्तर्राष्ट्रिय रुपमा पनि मूल कानुन शाब्दिक रुपमा प्रस्ट नभए त्रावा प्रेपेरेत्वा (travaux preparatoires) अर्थात् कानुन मस्यौदा गर्दा आएका विचार र धारणालाई उक्त कानुन व्याख्या गर्न प्रयोग गरिन्छ। यस कारण कुनै सांसद र सदनको धारणा विधेयकसँग जोडेर अध्ययन गर्नु अत्यन्तै जरुरी देखिन्छ ।

### धारणा-मिटरः विश्लेषणका उदाहरणहरू

धारणा-मिटरले कसरी काम गर्छ भनी थाहा पाउन कुनै पनि विधेयक र त्यसमा आएका संशोधन प्रस्ताव हेर्न सकिन्छ। उदाहरणका लागि, खाद्य विधेयक र त्यसमा आएका संशोधन प्रस्तावमा हामीले साना र मझौला उद्यमीको फाइदाका लागि के-कस्ता व्यवस्था प्रस्ताव गरेका छौं ? ठूला घरानाका उद्योगको मात्र फाइदा हुने प्रावधान प्रस्ताव गरेका छौं कि ? यति मात्र होइन, के हामी जनप्रतिनिधिहरु मिडियामा सार्वजनिक भएका आफ्ना पुराना अभिव्यक्तिविरुद्ध मत खसाल्दै त छैनौं ? के हामीले महिला हकमा दिएका भाषण महिला हितका लागि व्यवस्था गरिएको कानुन संशोधनमा प्रस्तावित छन् ?

सामाजिक न्यायका दृष्टिबाट कस्ता प्रस्ताव पेस गरिएका छन् ? के जनप्रतिनिधिले पेस गर्ने प्रस्तावले वैदेशिक रोजगारीमा गएका कामदारको मानवअधिकार सुनिश्चित गर्छ ? वा, नेपाली कामदारलाई राष्ट्रिय आयको स्रोतका रुपमा मात्र हेरिएको छ कि ? यस्ता प्रश्नका उत्तर जनप्रतिनिधिहरुले संसदमा पेस गरेका प्रस्ताव, दर्ता गराएका संशोधन र हालेका मतबाट पत्ता लगाउन सकिन्छ । जनहितप्रति हाम्रो प्रतिबद्धता, लैंगिक समानता, अल्पसंख्यक तथा सीमान्तकृत व्यक्ति र समुदायतर्फको दायित्वबोधको मूल्यांकन हाम्रा प्रस्ताव र संसदीय भूमिकाले प्रस्ट्याउँछन् ।

भन्नुको मतलब, एक सांसदका रुपमा मेरो धारणा पत्ता लगाउन मलाई सोध्नुभन्दा मेरा संसदीय गतिविधि, संसदमा मैले पेस गरेका प्रस्ताव र विधेयकमाथिको संशोधन हेर्नु अझ उचित माध्यम भएन त ? धारणा-मिटर कुनै नवीन आविष्कार होइन । विश्वका विभिन्न देशमा यसको कार्यान्वयन विभिन्न रुपमा भइआएका छन्। बेलायत र भारतमा सांसद रिपोर्ट कार्ड प्रयोग गरिन्छ। बेलायतमा एक स्वतन्त्र संस्थाले कुन विषयमा कुन प्रतिनिधिले कसरी मतदान गरे र कुनै विषयमा सदनमा भएको बहसलाई जनतासमक्ष सजिलै पुग्ने गरी एक तथ्यांक प्रणाली बनाएर जनप्रतिनिधिलाई जवाफदेही बनाइएको छ।

यस्तो रिपोर्ट कार्डमा संशोधन मात्र नभई संसदमा उपस्थिति, संसदमा अनुपस्थितिको कारण, प्रस्तुत गरेको विधेयक संख्या, विधेयकमा मत खसालेको संख्या, आयोजना गरेको वा भाग लिएको सार्वजनिक सुनुवाइको संख्या, संसदमा कतिपटक बोले, कुन-कुन प्रसंगमा र कसका पक्षमा बोले, सांसद विकास कोषको प्रयोग के-के काममा गरियो, त्यस कोषबाट सम्पन्न कार्यक्रमको प्रगति प्रतिवेदन लगायतको मूल्यांकन पनि गरिन्छ ।

यस किसिमको धारणा-मिटरका अतिरिक्त त्रैमासिक सर्वेक्षण पनि गर्न सकिन्छ । उक्त सर्वेक्षणमा अन्य धेरै कुरा समेट्न सकिन्छ, जस्तै- प्रतिनिधिको प्रस्तुति र सम्बोधनको तथ्य जाँच, चुनावमा गरेका बाचा पूरा गर्नेतर्फ प्रतिनिधिले चालेका पाइला, सांसदको जनतामाझ लोकप्रियता, सांसदसम्म जनताको पहुँच, चुनाव जितेपछि सांसद कतिपटक आफ्नो निर्वाचन क्षेत्रका मतदाताको घरदैलोमा गए, कतिवटा उद्घाटन, शिलान्यास लगायत कार्यक्रममा सहभागी भए आदि ।

यी सबै मूल्यांकन गरी त्यससम्बन्धी प्रतिवेदन सार्वजनिक गर्न सकिन्छ ।

### धारणा-मिटर कसले बनाउने ?

हामीले गरेका बाचा र गरिरहेका काम विश्लेषण गर्ने जिम्मेवारी विशेषतः मिडिया, विश्वविद्यालय, विज्ञवर्ग, राजनीतिशास्त्रका विद्यार्थी, अनुसन्धानकर्ता, थिंक ट्यांक र लोकतन्त्र प्रवर्द्धनमा काम गर्ने गैरसरकारी संस्थाहरुले लिन सक्छन् ।

मिडियामा संसदीय कार्यक्रम प्रसारण र अभिलेख, विभिन्न नागरिक समाजका सदस्य तथा निष्पक्ष राजनीतिक विश्लेषकसँग कुराकानीका आधारमा गरिएको राजनीतिक मूल्यांकन, संसदमा गरिएका कामको स्वतन्त्र जाँचबुझ आवश्यक छ। प्राइम टाइममा को नेताले के बोले भन्नेजस्ता सामग्रीबाट माथि उठेर निर्वाचित प्रतिनिधिका रुपमा हाम्रो आधिकारिक भूमिका के रह्यो, संसदमा को कुन भूमिकामा संलग्न भए लगायत विषयमा बहस चलाउन सञ्चारमाध्यमले सोच्नुपर्ने देखिन्छ। यी विषयको वस्तुगत विश्लेषण गरी धारणा-मिटर बनाउन मेरो सबैसँग आग्रह पनि छ ।

कल्पना गर्नुहोस् त, एउटा राजनीतिक कम्पास बनोस्, जसले हामी जनप्रतिनिधिहरु कति बेला - लेफ्ट, राइट वा सेन्टर-कता ढल्किरहेका छौं भनेर बताओस्। २०७९ पुस ७ गते नयाँ संघीय सांसदहरुले शपथ लिएदेखि नै हाम्रा सबै काम मूल्यांकन गरी यो मिटरमा सार्वजनिक रुपले नियमित अपडेट हुने हो भने हाम्रा धारणा कति प्रस्ट हुन्थे होलान् !


पहिलोपटक सदन पुगेको सांसद भए पनि मेरो एउटा निवेदन छ- सबै मिलेर आफ्ना जनप्रतिनिधिलाई मिठा भाषण र परिवर्तन ल्याउने बाचाबाट मात्र मूल्यांकन गर्नेभन्दा आधिकारिक रुपमा सदन वा सरकारमा हुँदा आफ्नो काम गरेर, योग्यता देखाएर व्यवहारमार्फत् आफ्नो धारणा प्रस्तुत गर्न प्रोत्साहन गरौं। त्यस्ता कार्यलाई सकारात्मक प्रतिक्रिया दिनेतर्फ एकीकृत प्रयत्न गरौं ।

आफ्ना स्रोत र साधनलाई जनप्रतिनिधि र नेताहरुको व्यावहारिक धारणा पत्ता लगाउन र हामीले आफ्नो कार्यकालमा गरेका कामको जानकारी नागरिकसमक्ष पुऱ्याउनेतर्फ लागौं । यसको जानकारी भएपछि मात्र नागरिकसँग आफ्ना प्रतिनिधिलाई जवाफदेही बनाउने औजार उपलब्ध हुन्छ र मतदाताले अर्को निर्वाचनमा भाषण र घोषणापत्रका आधारमा भन्दा काम र जवाफदेहिताका आधारमा मतदान गर्न सक्छन् ।

सांसदको काम गर्ने शैलीमा संस्थागत सुधारको आवश्यकता छ । यसमा धारणा-मिटर सुधारको एउटा महत्वपूर्ण बाटो बन्न सक्छ ।

(लेखक श्रेष्ठ प्रतिनिधिसभा सदस्य हुन्/स्रोतः सेतोपाटी)

# कांग्रेस गज्जबको पार्टी हो !



**ध्रुवसत्य परियार**

'म काठमाडौंको नेवार, यहाँ अरु दुई वरिष्ठ बाहुन छन्- कृष्णप्रसाद र गिरिजाप्रसाद । यदि म प्रधानमन्त्री बनेँ भने यी दुई वरिष्ठ बाहुन मिल्छन् र प्रधानमन्त्री भएको दुई-चार दिनमै मलाई घिक्लिक्क लडाउँछन्। यसपछि कांग्रेसभित्र विवाद हुन्छ । राजदरबारले त्यही चाहिरहेको छ । संविधान पनि बन्दैन । संविधान बनाउनकै लागि म प्रधानमन्त्री बन्दिनँ। मैले दुई बाहुनमध्ये एकजनालाई प्रधानमन्त्रीमा प्रसाव गरेँ भने अर्को बाहुनले समर्थन गर्छन् र कांग्रेस एकढिक्का बनेर अघि बढ्छ ।'

कांग्रेस र संयुक्त वाममोर्चाको आन्दोलनबाट पञ्चायत ढलेपछि राजा वीरेन्द्रले गणेशमान सिंहलाई प्रधानमन्त्री बन्न प्रस्ताव गरेका थिए । गणेशमानले कृष्णप्रसाद भट्टराईलाई अगाडि सारे। संयुक्त वाममोर्चाका नेताहरु पनि गणेशमान नै प्रधानमन्त्री बनून् भन्ने चाहन्थे । त्यसैले तत्कालीन वाममोर्चाकी अध्यक्ष सहाना प्रधान र नेता राधाकृष्ण मैनाली गणेशमानलाई भेट्न चाक्सीबारी गए। उनीहरु गणेशमानलाई प्रधानमन्त्री बन्नका लागि मनाउन गएका थिए। गणेशमानको तर्क सुनेपछि आफूहरु नतमस्तक हुन पुगेको राधाकृष्ण मैनालीले आफ्नो पुस्तक 'नलेखिएको इतिहास'मा उल्लेख गरेका छन् ।

कांग्रेस सधैं एउटै गाथा गाउँछ- हामी प्रजातन्त्रका लागि लड्यौं, बहुदलका लागि लड्यौं। गणतन्त्र ल्याउन र संविधान लेखिन कांग्रेसको अहं भूमिका छ। यतिखेर देशमा तेस्रो राष्ट्रपतिका रूपमा निर्वाचित भएका छन्, कांग्रेस नेता रामचन्द्र पौडेल। तन्त्रशास्त्रमा होस् वा व्यवस्थाको तन्त्रमा- प्रतीक (चिह्न) ठूलो आधार हो। तन्त्रशास्त्रमा त प्रतीकको माध्यमबाटै साधना गरिन्छ र 'शक्ति' जगाइन्छ । राजनीतिमा व्यवस्था (तन्त्र)का माध्यमबाट शक्तिको बाँडफाँड गरिन्छ। राजतन्त्र ढालेर गणतन्त्र ल्याएपछि यसलाई 'अर्को छोटेराजा' शैलीको संस्था होइन, जनताको संस्था बनाउनुपर्नेमा राजनीतिक दलहरु करिब-करिब सहमत थिए। त्यसैले जातका हिसाबले अभिजातबाटै आएका भए पनि पहिलो र दोस्रो राष्ट्रपतिमा मधेस र महिला पर्न सफल भए। यसपालि भने 'पुरुषवाद, पहाडवाद र ब्राह्मणवाद'को 'प्रतीक'ले अवसर लिने अवस्था सिर्जना गरियो ।

आज कोही तर्क गर्ला- देशमा कहाँ जातीय, लैंगिक, भेगीय विभेद र छुवाछुत छ ? कानुनले हटाइसक्यो । तर, दुई-चारजना पढेलेखेका मान्छेको तर्कले सामाजिक अवस्था काट्न सक्दैन । सामन्ती व्यवस्थाले लादेका-हुर्काएका सबै प्रकारका विभेदको अन्त्य गर्न गणतन्त्र ल्याइएको हो र गणतन्त्रको सर्वोच्च महिमाको पद हो, राष्ट्रपति । देशमा गणतन्त्र र संघीयताको जग बलियो बनाउन दलहरूले राष्ट्रपतिमा उत्पीडित समुदायलाई ल्याएर

...बाँकी पृष्ठ ३ मा

# बैंक बन्द गर्न मउवासंघको माग

समाज संवाददाता

हेटौंडाः मकवानपुर उद्योग वाणिज्य संघ (मउवासंघ) ले हेटौंडाका बैंकहरु बन्द गराउन सहयोग गरिदिन भन्दै बैंकका शाखा प्रबन्धकहरुलाई ज्ञापनपत्र बुझाएका छन् । उद्योगी, व्यवसायी पीडित भएको अवस्थामा बैंकको चर्को व्याजले ग्रसित भएको भन्दै मकवानपुर उद्योग वाणिज्य संघको नेतृत्वमा चरणबद्ध आन्दोलन जारी छ ।

व्यवसायीको समूहले सोमबार हेटौंडा बजार क्षेत्रमा रहेका बैंकमा पुगेर शाखा प्रबन्धकलाई ज्ञापनपत्र बुझाएका हुन् । आर्थिक मन्दीले ग्रस्त उद्योग/व्यवसाय क्षेत्र र सर्वसाधारणलाई थप पीडा दिन बैंकहरुले व्याजदर वृद्धि गरेको भन्दै आन्दोलन गर्न बाध्य भएको मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष कृष्ण कुमार गुप्ताले बताउनुभयो ।

मकवानपुर उद्योग वाणिज्य संघ, संघमा आवद्ध वस्तुगत संघहरु, निर्माण व्यवसायी संघ, नारायणी यातायात व्यवसायी संघ, होटल एशोसिएसन मकवानपुर लगायत विभिन्न व्यावसायिक संघहरुले हेटौंडामा चरणबद्ध आन्दोलन गरिरहेका छन् । व्यवसायीहरुले बिहीबार र शुक्रबार बैंकमा धर्ना दिने कार्यक्रम समेत गरेका थिए । आइतबार आन्दोलनलाई सहयोग गर्न मकवानपुरका बैंकहरुमा पैसा जम्मा नगर्न उद्योग बाणिज्य संघ मकवानपुरले आग्रह गरेको थियो । आज मंगलबार हेटौंडामा शान्तिपूर्ण रुपमा बैंकहरु बन्द गराउने कार्यक्रम रहेको संघले जनाएको छ ।

# हेटौंडामा घर निर्माणको दर घट्यो

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगर क्षेत्रमा घर निर्माण हुने दर घटेको छ । गत आर्थिक बर्षको तुलना चालु आर्थिक बर्षमा भवन निर्माणको संख्या कम भएको देखिन्छ । आर्थिक मन्दीका कारण भवन निर्माण गर्ने दरमा कमि आएको अनुमान गरिएको छ । हेटौंडा उपमहानगरमा बसाईसराई गरी आउनेको संख्यामा पनि कमि आउनुले पनि भवन निर्माणको दर घटेको हो ।

हेटौंडा उपमहानगरपालिकाको योजना तर्जुमा तथा पूर्वाधार विकास महाशाखामा भवन अनुमति तथा मापदण्ड कार्यान्वयन शाखाको तथ्याङ्क अनुसार चालु आर्थिक बर्ष २०७९/८० को माघसम्ममा २३३ वटा भवन निर्माणको नक्सा पास भएको देखिएको छ । गत आर्थिक बर्ष २०७८/७९ को यही समयमा ५ सयको संख्यामा भवन निर्माण अनुमति लिएको शाखाले जनाएको छ ।

शाखाका अनुसार चालु आर्थिक बर्ष २०७९/८० को माघसम्ममा २११ नक्सा इजाजत लिन पालिकामा पेश भएको छ भने ११ वटा नक्सा म्याद थप भएको देखिएको छ। चालु बर्षमा ६० वटा नक्सा नामसारी भएको पाइएको छ । चालु आर्थिक बर्षको माघ मसान्तसम्म सार्वजनिक सडक र प्लानिङ स्वीकृतिको काम नभएको महाशाखा प्रमुख सत्यनारायण साहले जानकारी दिनुभयो ।

तथ्याङ्क अनुसार चालु आर्थिक बर्षको माघ मसन्तसम्म सबैभन्दा बढी भवन निर्माण इजाजत हेटौंडा-५ मा ६२, हेटौंडा-८ मा ३३, हेटौंडा-७ मा २२, हेटौंडा-२ मा १२ र हेटौंडा-६ मा ११ वटा रहेको छ भने अन्य वडामा न्यून संख्यामा रहेको जनाएको छ । तथ्याङ्क अनुसार साउनमा सबै भन्दा बढी ४३, भदौमा ३०, असोजमा ४१, कार्तिकमा १५, मंसिरमा ३६, पुषमा ३७ र माघमा ३१ वटा इजातज लिने कार्य भएको देखिन्छ ।

महाशाखा प्रमुख साहका अनुसार अघिल्लो आर्थिक बर्षको तुलनामा चालु बर्षको सुरुबाटै देखिएको आर्थिक मन्दीका कारण भवन इजाजत लिने संख्यामा कमि आएको हो । उहाँले भन्नुभयो, "सबैतिर आर्थिक समस्या छ कसरी भवन निर्माणको काम हुनु ।"

बैंक तथा बित्तीय संस्थाले लगानी नगरेसम्म अहिले भवन निर्माण हुने र बजारमा आर्थिक कारोबारमा सुधार नआएसम्म अवस्था यस्तै रहने उहाँको बुझाइ छ। अहिले नगरका १९ वटै वडामा न्यून संख्यामा भवन निर्माणको काम भएपनि लगानी अपुग हुँदा बनेका घरहरु पनि पुरा गर्न नसकेर म्याद थप गर्नुका लागि निवेदन आउने क्रममा रहेको उहाँले जानकारी दिनुभयो । भवन अनुमति तथा मापदण्ड कार्यान्वयन शाखाका अनुसार अघिल्लो आर्थिक बर्षमा नक्सा पास ७४९, नक्सा दर्ता ७४८, म्याद थप ४९, नक्सा नामसारी १०९, सडक सार्वजनिक १४ र प्लानिङ स्वीकृत १३ वटा भएको थियो ।

# गृहिणीलाई सिलाई तालिम

समाज संवाददाता

हेटौंडाः हेटौंडा-५ स्थित नवीन टोल विकास संस्थाको आयोजनामा ३ महिने आधारभूत सिलाई तालिम सुरु भएको छ । टोल विकास संस्थाका अध्यक्ष पुरुषोत्तम प्रसाद लामिछानको अध्यक्षता तथा वडा सदस्य रञ्जिता सिलवालको प्रमुख आतिथ्यमा तालिम उद्घाटन कार्यक्रम भएको हो । प्रमुख अतिथि सिलवालले सिलाई मेसिन चलाएर आइतबार तालिमको उद्घाटन गर्नुभयो ।

गृहिणी महिलाका लागि आयमूलक सीप विकासका लागि टोल विकास संस्थाकै सक्रियतामा हेटौंडा उपमहानगरपालिकाले तालिम कार्यक्रमका लागि सहयोग गरेको हो । तालिममा २० जना सहभागी छन् । बिहान ११ बजेदेखि ३ घण्टा तालिम हुनेछ। तालिममा प्रशिक्षक रेणुका बास्तोलाले सहजीकरण गर्नुहुनेछ । तालिम पिप्ले-पोखरा सामुदायिक वन उपभोक्ता समूहको हलमा हुनेछ । ५ नम्बर वडामा २८ वटा टोल विकास संस्थाहरु रहेका छन् ।

# दुईजना मृत फेला

समाज संवाददाता

हेटौंडाः दोलखाको कालिञ्चोक गाउँपालिका-८ मलेपुमा एकजना पुरुष मृत फेला परेका छन् । मृत फेला पर्नेमा कालिञ्चोक गाउँपालिका-९ बस्ने ७० वर्षीय जगत नाथ सेंडाई रहेको प्रहरीले जानकारी दिएको छ । सेंडाई घरमा थाहा नदिई हिडेकोमा आइतबार दिउँसो ४ बजको समयमा सोहि स्थान बस्ने बीर बहादुर माझीको घरको पछाडी करेसामा मृत फेला परेको प्रहरीले जानकारी दिएको छ ।

त्यस्तै धादिङ जिल्लाको गजुरी गाउँपालिका-२, बिहानी पेट्रोलपम्पस्थित त्रिशुली नदिको किनारामा एकजना युवती मृत फेला परेकी छिन् ।

मृत फेला पर्नेमा सिद्धलेक गाउँपालिका-६ कुम्पुर भञ्ज्याङ बस्ने २० बर्षीया हीरामाया घले रहेको प्रहरीले जानकारी दिएको छ ।

घले शनिबार घरायसी बादबिबादको कारण घरबाट हिँडेकोमा आइतबार दिउँसो ३ बजेर ५० मिनेटको समयमा त्रिशुली नदिको किनारामा मृत फेला परेकी हुन् । घलेको शव मुचुल्का पश्चात पोष्टमार्टमका लागि प्राथमिक स्वास्थ्य केन्द्र गजुरी पठाइएको प्रहरीले जानकारी दिएको छ ।

# प्रदेशस्तरीय सूचना-प्रविधि मेलाको तयारी पूरा

समाज संवाददाता

**हेटौंडाः हेटौंडा पहिलो पटक हुन लागेको बागमती प्रदेशस्तरीय सूचना-प्रविधि (क्यान इन्फोटेक) मेलाको तयारी पूरा भएको छ । सोमबार पत्रकार सम्मेलनको आयोजना गरी कम्प्युटर एसोसिएसन नेपाल महासंघ मकवानपुर शाखाले मेलाको तयारी पूरा भएको जनाएको हो ।**

**कम्प्युटर एसोसिएसन नेपाल महासंघ मकवानपुर शाखाका निवर्तमान अध्यक्ष एवम् मेला संयोजक पुष्पराज पुडासैनीले प्रतियोगिताको तयारी पूरा भएको बताउनुभयो । चैत २ गतेदेखि ६ गतेसम्म हेटौंडा-४ स्थित रोयल पार्टी प्यालेसमा हुने मेलाको बिहीबार बागमती प्रदेशकी सामाजिक विकासमन्त्री कुमारी मोक्तानले डिजिटलरुपमा उद्घाटन गर्नुहुनेछ ।**

**कम्प्युटर एसोसिएसन नेपाल महासंघ मकवानपुर शाखा अध्यक्ष शिवकुमार श्रेष्ठले अहिलेको युग प्रविधिको युग भएपनि त्यसको प्रयोग गर्न नसक्दा पछि परिरहेको बताउनुभयो । मेलाको अवलोकन गरी प्रविधिसँग जोड्न सक्नपुर्ने उहाँले बताउनुभयो ।**

**प्रदर्शनीमा चैत ३ गते साइबर सुरक्षासम्बन्धी सेमिनार, ४ गते कृषि उत्पादन तथा प्रवर्द्धनका लागि डिजिटिलाइजेसन सेमिनार, ५ गते नेटवर्किङ र सीसी टिभीसम्बन्धी सेमिनार हुने जनाइएको छ । मेलामा कम्प्युटर तथा यसका हार्डवेयर, प्रिन्टर, सफ्टवेयर, सर्भिसिङ क्याम्प, एप्लिकेशन डिभाइस, वीमासम्बन्धी प्रदर्शनी तथा बिक्री स्टल रहने जनाइएको छ । मेलामा कुल ४० वटा स्टल रहनेछ ।**

**मेलामा रोबोट र पब्जी प्रतियोगिताको आयोजना हुनेछ । रोबोटका लागि काठमाडौं, चितवन, बुटवल, जनकपुरलगायत क्षेत्रका १० टिमको सहभागिता रहने जनाइएको छ । यस्तै, अनलाइन पब्जीका लागि ३२ टिमको सहभागिता रहने जनाइएको छ । रोबोट र पब्जी दुबैतर्फ प्रथम, द्वितीय र तृतीय हुनेलाई क्रमशः २५, १५ र १० हजार रुपैयाँ पुरस्कार प्रदान गरिने जनाइएको छ । मेला करिब ४० हजार जनाले हेर्ने आयोजकको अनुमान छ । मेलामा प्रवेश गर्न विद्यार्थीलाई १० रुपैयाँ र अन्यलाई २५ रुपैयाँ टिकटको व्यवस्था गरिएको जनाइएको छ । मेलामा इ-टिकटको पनि व्यवस्था गरिएको जनाएको छ। मेलामा कुल ३० लाख खर्च हुने आयोजकको अनुमान छ ।**

## ७ महिनामा...

**भएको छ भने कैलाश गाउँपालिका, इन्द्रसरोबर गाउँपालिका र हेटौंडा उपमहानगरपालिका बालमैत्री घोषणा गर्ने तयारीमा रहेका छन् ।**

**हेटौंडा उपमहानगरपालिकाका मेयर मीनाकुमारी लामाले २०८० सालसम्म उपमहानगरपालिकालाई बालमैत्री घोषणा गर्ने तयारीमा तिब्ररुपमा लागि परेको बताउनुभएको छ । बालमैत्री घोषणा गर्ने तयारीमा नगरपालिकाभित्रका विद्यालयहरुमा बाल समूह गठन गरेको बताउँदै नगरमा २ वटा बालविवाह रोक्न नगरपालिका सफल भएको उहाँले बताउनुभयो ।**

सामुदायिक रेडियो, रेडियो निकास
९३.४ मेगाहर्ज सुनौं र सुनाऔं
रेडियो निकास ९३.४
The Voice of Community

मकवानपुर बालविद्या सदन
हेटौंडा-१८, खड्कुले
MAKAWANPUR BAL BIDYA SADAN
Hetauda-18, Khadkule, Makawanpur
B B M S 2064

हार्दिक धन्यवाद

विद्यालयमा बुझाउनुपर्ने सम्पूर्ण शुल्क समयमा नै बुझाएर विद्यालयको क्रियाकलापमा निरन्तर गतिशीलता प्रदान गर्नुहुने असल अभिभावकज्यूहरुलाई विद्यालय प्रशासनको तर्फबाट हार्दिक धन्यवाद ज्ञापन गर्दछौं ।

विद्यालय प्रशासन

शुल्क भुक्तानीसम्बन्धी अत्यन्त जरुरी सूचना

उपरोक्त विषयमा शुल्क भुक्तानीमा विद्यालयले हालसम्म संयमतापूर्वक अनुरोध गर्दै आइरहेको तथा शुल्क नबुझाएकै कारण कुनैपनि विद्यार्थीको पठनपाठन तथा परीक्षामा अबरोध सिर्जना नगरिएको व्यहोरा सबैमा अवगत नै छ । बालबालिकाको मनोविज्ञानलाई मध्यनजर गर्दै विद्यालयले अपनाउँदै आएको संयमताको कारण विद्यालयमा तिर्नुपर्ने शुल्क अभिभावकको प्राथमिकता नपरेको हुँदा धेरै शुल्क उठ्न बाँकी रहेको र हाल विद्यालयको सम्पूर्ण कामकारबाहीमा समेत समस्या पर्न गएकोले यसपटक फागुन मसान्तसम्ममा विद्यालयमा बुझाउन बाँकी सम्पुर्ण शुल्क नबुझाइएका विद्यार्थीलाई कुनै पनि शर्तमा प्रवेशपत्र उपलब्ध नगराइने व्यहोरा सम्पूर्ण अभिभावकहरुको जानकारीका लागि यो सूचना जारी गरिएको छ । यसबाट पर्न जाने असर तथा असुविधाप्रति अभिभावक स्वयं जिम्मेवार हुनुपर्नेछ ।

विद्यालय प्रशासन

## कांग्रेस गज्जबको...

सन्देश दिन सक्नुपर्थ्यो । यो कार्यकारी पद नहोस्, गणतन्त्रको सर्वोच्च प्रतीक अवश्य हो, (यद्यपि, प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपतिको मुद्दालाई माओवादी अझै छाडेको छैन) ।

यसपालि यस संवैधानिक पदबाट प्रतीकात्मक रुपमा गणतन्त्रको सन्देश दिन दलहरुले किन आवश्यक ठानेनन् ? यो प्रश्न भीरबाट गोरु खसिसकेपछि मान्छेका मुखबाट निस्केको 'कठै र च्व-च्व' शब्दजस्तो होइन । गणतन्त्र र संघीयतालाई बलियो बनाउने चुनौती पनि यस प्रश्नभित्र लुकेको छ । प्रतिक्रियावादी शक्ति र सम्भावनाहरु जुर्मुराउन थालेका बेला दलहरु भने सत्ता र पदको खिचातानीमा अल्झन अभ्यस्त हुँदै आएका छन् ।

कलिलो संविधानसँग कम्तीमा समाजवाद उन्मुख शब्दको 'सिङ' छ । संविधानका मौलिक हकहरुको सम्बोधन हुँदै जाँदा उत्पीडित वर्गले केही राहत पाउँथे कि भन्ने झिनो आशा जिउँदै छ । यो अवस्थामा, चुनावलाई महँगो बनाएर समाजका धनी वर्गलाई सत्तामा पुऱ्याउने षड्यन्त्रमा कांग्रेस लगायत दलहरु सफल भएकै छन् । संवैधानिक पद राष्ट्रपतिमा त सोच्न सकेनन्, अझै पनि मन्त्रिपरिषदलाई समावेशी बनाउन सकिने आधार छँदै छ ।

### कांग्रेसले नाम लिने धनमानसिंह

कांग्रेससँग अर्को पनि गाथागीत छ- हामीले २००९ सालमै धनमानसिंह परियारलाई महामन्त्री बनाएको हो ।

२००९ जेठ १० गते जनकपुरमा सम्पन्न कांग्रेसको पाँचौं महाधिवेशनले पार्टीको विधानलाई स्पष्ट स्वरूप प्रदान गर्न सकेन । त्यसैले सूर्यप्रसाद उपाध्यायको संयोजकत्वमा धनमानसिंह परियार, रामनारायण मिश्र र श्रीभद्र शर्मा सदस्य रहेको 'विधान संशोधन मस्यौदा समिति' गठन गरेर एक महिनाभित्र कार्य सम्पन्न गर्ने जिम्मेवारी दिइएको थियो । त्यसको करिब एक महिनापछि, असार ६ गते धनमानसिंह परियार र राजेश्वरी प्रसाद उपाध्यायलाई महामन्त्री र अरु १२ जनालाई सदस्य मनोनीत गरी नयाँ कार्य समिति गठन गरियो । २०१२ फागुन १७ गते, सभापति सुवर्णशमशेरले पार्टीको 'नयाँ केन्द्रीय कार्यसमिति'को गठन गरे, जसमा धनमानसिंह परियारलाई प्रशासन र संगठन मन्त्रीमा नियुक्त गरिएको थियो, (पुरुषोत्तम बस्नेतको पुस्तकः नेपाली कांग्रेसको इतिहासको प्रारुप) ।

त्यसको एक वर्षपछि (२०१३ मंसिरमा सुवर्णले कार्यसमितिमा दोस्रो पुस्ता ल्याउने नाममा धनमानसिंहलाई राखेनन् । धनमानसिंहको कहानी अन्ततः राजावादी भएर टुंगिन्छ । उत्पीडित समुदायका धनमान र नारदमुनि थुलुङ किन राजातिर लहसिन पुगे ? यसमा के कांग्रेसको दोष छैन ? यतातिर भने आजका कांग्रेसी नेता पस्न चाहँदैनन् । १७ सालको काण्डअघि राजा महेन्द्रले भरतमणि शर्मा, नारदमुनि थुलुङ, हृदयराज शर्मा, धनमानसिंह परियार, गोपालप्रसाद भट्टराई लगायत १७ भाइलाई कांग्रेसबाट अलग्याउन सफल भएका थिए । यी सत्र भाइले २०१४ साउन ५ मा समानान्तर नेपाली कांग्रेस खोले । धनमानसिंहलाई त राजाले १०१९ सालमा राष्ट्रिय पञ्चायत सदस्यमा नियुक्त गरे ।

आज उत्पीडित वर्गलाई भड्काउन पश्चगमनकारी विभिन्न राजनीतिक शक्ति सक्रिय छन् । गरिबलाई भड्काएर धर्म परिवर्तन गराउने होडबाजी पनि चलिरहेकै छ । यो अवस्थामा, कांग्रेसजस्तो गज्जबको पार्टी अलिकति संवेदनशील भइदिए सामाजिक न्यायमा टेवा पुग्ने नै छ । कांग्रेससँग अर्को दललाई र पार्टीभित्रकै उत्पीडित समुदायका आकांक्षीलाई 'घिक्लिक्क लडाउने' सामर्थ्य अहिले पनि छ ।

प्रा.डा. राजेश गौतमले तयार पारेको 'कर्मयोगी राजनीतिज्ञ कृष्णप्रसाद भट्टराई' पुस्तकमा भट्टराईले गणेशमानका बारेमा भनेका छन्, 'गणेशमान पार्टीको हितमा चौबीसै घन्टा चिन्ता गर्नुहुन्थ्यो । उहाँले अलग्गै केही पनि गर्नुभएन, त्यस्तो इच्छा व्यक्त गर्नुभएन र उहाँमा त्यस्तो कुनै इच्छा रहेको पनि देखिएन । उहाँले यो मेरो मानिस, यो उसको मानिस कहिल्यै भन्नुभएन ।' अहिले संविधान, संघीयता, समावेशीकरणका लागि कांग्रेसका नेताहरु गणेशमान जत्तिकै हुन नसके पनि हाराहारीमा उभिने हिम्मत गर्नुपर्छ ।

रामचन्द्र संसद्को सभामुख छँदा राजा वीरेन्द्रले सोधेका थिए, 'नेपालजस्तो देशको प्रसंगमा संवैधानिक राजतन्त्रलाई कसरी बुझ्ने ?' रामचन्द्रले प्रतिप्रश्न गरे, 'सरकार ! देश चाहे नेपालजस्तो होस् चाहे बेलायत र जापानजस्तो, २१औं शताब्दीमा प्रजातन्त्रको परिभाषा र प्रयोग एकै हुनुपर्ने हैन र ?' यो प्रसंगलाई रामचन्द्रले आफ्नो पुस्तक 'अभिशप्त इतिहासः माघ १९ काण्डको नजरबन्दबाट'मा उल्लेख गरेका छन् ।

नेपालमा जस्तो जातीय, लैंगिक, क्षत्रीय, वर्गीय आदि विभेद जापान र बेलायतमा होला कि नहोला ? यसतर्फ पनि नेपालका नेताहरु सजग हुनुपर्छ ।

*(स्रोतः रातोपाटी)*



# सरकारले बालमैत्री स्थानीय शासन लागु गर्नुपर्छः मन्त्री दुलाल

समाज संवाददाता

हेटौंडाः सरकारले बालमैत्री स्थानीय शासन लागु गर्नुपर्ने बागमती प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्री युवराज दुलालले बताउनुभएको छ । सोमबार हेटौंडामा स्वास्थ्य मन्त्रालय र जिल्ला समन्वय समिति मकवानपुरको संयुक्त आयोजनामा स्थानीय तहका महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई एकदिने अनुशिक्षण कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै मन्त्री दुलालले सरकारका लागि चुनौतीपूर्ण कार्य भए पनि देश विकास गर्न राज्यले बालमैत्री स्थानीय शासन लागु गर्नुपर्नेमा जोड दिनुभएको हो ।

मन्त्री दुलालले उच्च ओहदामा रहेकाहरुले भिडमा भाषण गर्न चासो राख्ने तर नीति निर्माण र सुक्ष्म कामहरुलाई खासै चासो नराख्ने गरेको बताउनुहुँदै आधारभूत तहमा बसेर काम गर्ने महिला स्वास्थ्य स्वयंसेविकाहरुका लागि नीति नभएको धारणा राख्नुभयो । स्वास्थ्य देशको महत्वपूर्ण विषय भएकाले बालबालिकालाई स्वस्थ राख्न स्वास्थ्य स्वयंसेविकाहरुको ठूलो भूमिका हुने बताउनुभयो । स्थानीय सरकारले भौतिक पूर्वाधारमा मात्रै नभई सामाजिक सुरक्षा विकासका लागि बजेट विनियोजन गर्नुपर्ने बताउनुहुँदै सरकारमा रहेर आफूले विगतमा बालबालिकाको स्वास्थ्यमा कार्य गरेको र आगामी दिनमा पनि काम गर्ने बताउनुभयो ।

स्वास्थ्यलाई ध्यानमा राख्दै जिल्ला समन्वय समिति मकवानपुरले स्थानीय तहमा महिला स्वास्थ्य स्वयंसेविकाहरुको महत्वपूर्ण भूमिका रहने भएकाले मकवानपुरका स्थानीय तहका महिला स्वास्थ्य स्वयंसेविकालाई अनुशिक्षण कार्यक्रम गरेको छ । बाल स्वास्थ्य, पत्रु खाना, आधारभूत सरसफाई, नवजात शिशु स्याहार, गर्भावस्थाको स्वास्थ्य, महिला प्रजनन्, विद्यालय नर्स कार्यक्रमको आवश्यकता र सकारात्मक प्रभावको विषयमा अनुशिक्षण कार्यक्रम भएको हो । कार्यक्रममा बागमती प्रदेश स्वास्थ्य निर्देशनालयका रेवती थापा, सिविन बाल हेल्पलाइन हेटौंडाका संयोजक झविन्द्र ज्ञवाली र जिसस मकवानपुरका शाखा अधिकृत सुनिता कुमारी गजुरेलले सहजीकरण गर्नुभएको छ । जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित बहादुर घलानको सभाध्यक्षतामा भएको अनुशिक्षणमा जिल्लाका दश वटै स्थानीय तहका स्वयंसेविकाको उपस्थिति रहेको थियो ।

# ३६ हजार भूमिहीन सुकुम्वासी

समाज संवाददाता

हेटौंडाः राष्ट्रिय भूमि आयोग मकवानपुरले जिल्लामा ३६ हजार एक सय ६८ जना भूमिहीन सुकुम्वासी रहेको जनाएको छ । मकवानपुर जिल्लाका १० वटा पालिकामा उक्त संख्यामा सुकुम्वासी रहेको आयोगका अध्यक्ष विष्णुप्रसाद दाहालले जानकारी दिनुभयो ।

मकवानपुरमा १० वटै स्थानीय तहमा तीन सय ७९ जना भूमिहीन दलित, दुई हजार चार सय ६३ जना भूमिहीन सुकुम्वासी तथा ३३ हजार तीन सय २६ जना अव्यवस्थित भूमिहीन बसोबासी रहेका छन् । उनीहरुले जग्गा प्रमाणपत्रका लागि आयोगमा दर्ता गरेको आयोगको भनाइ छ । आयोगका अध्यक्ष दाहालले भूमिहीनहरुको जग्गा प्राप्तिसम्बन्धी दर्ता भइसकेकोले उनीहरुले एक बर्षभित्र नै जग्गाधनी प्रमाणपत्र लालापुर्जा प्राप्त गर्ने बताउनुभयो । बागमती गाउँपालिकाका तीन भूमिहीन दलितले लालपुर्जा प्राप्त गरिसकेको जानकारी दिनुभयो ।

## वडास्तरीय भेट्रान्स फुटबल

# सेमिफाइनल समीकरण पूरा

समाज संवाददाता

हेटौंडाः हेटौंडा–९ स्थित पशुपतिनगरमा जारी वडास्तरीय प्रथम मोहन श्रेष्ठ स्मृति ८ 'ए' साइड भेट्रान्स कप फुटबल प्रतियोगिताको सेमिफाइनल समीकरण पूरा भएको छ । सोमबार क्वाटरफाइनलका खेलहरु सम्पन्न भएसँगै प्रतियोगिताको सेमिफाइनल समीकरण पूरा भएको हो ।

क्लबका कोषाध्यक्ष सञ्जु जोशीका अनुसार सोमबार हेटौंडा–८ स्थित हेटौंडा औद्योगिक क्षेत्रको खेल मैदानमा भएको खेलमा विजयी हुँदै वडा नम्बर ४, ७, ९ र १५ सेमिफाइनलमा प्रवेश गरेको छ । क्वाटरफाइनलअन्तर्गत् सोमबार भएको पहिलो खेलमा ८ नम्बर वडालाई २–० गोलले हराउँदै वडा नम्बर ४ सेमिफाइनल प्रवेश गरेको हो ।

दोस्रो क्वाटरफाइनल खेलमा १० नम्बर वडालाई ट्राइब्रेकरमा ५–४ गोलले हराउँदै ९ नम्बर वडा सेमिफाइनलमा प्रवेश गरेको छ । निर्धारित खेल समय १–१ गोलको बराबरीपछि खेल ट्राइब्रेकरमा धकेलिएको थियो । यस्तै, ५ नम्बर वडालाई १–० गोलले हराउँदै १५ नम्बर वडा सेमिफाइनलमा प्रवेश गरेको छ भने ६ नम्बर वडालाई ३–० गोलले हराउँदै ७ नम्बर वडा सेमिफाइनलमा प्रवेश गरेको हो ।

प्रतियोगिताको सेमिफाइनल खेलहरु मंगलबार दिउँसो हुनेछ । मंगलबार हुने पहिलो सेमिफाइनल खेलमा दिउँसो २ बजे ४ नम्बर वडा र १५ नम्बर वडाबीच प्रतिस्पर्धा हुनेछ भने दोस्रो सेमिफाइनल खेलमा दिउँसो ३ बजेर ३० मिनेटको समयमा ७ नम्बर वडा र ९ नम्बर वडाबीच प्रतिस्पर्धा हुनेछ । प्रतियोगिताको फाइनल खेल बुधबार हुनेछ ।

प्रतियोगिताको विजेता टिमले नगद १ लाख ५ हजार ५ सय ५५ र उपविजेता हुने टिमले नगद ५५ हजार ५ सय ५५ पुरस्कारसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् । अन्य विधागत उत्कृष्ट खेलाडीले नगद ५ हजार ५ सय ५५ रुपैयाँ प्राप्त गर्नेछन् ।

## कैलाश अध्यक्ष कपको फाइनल समीकरण पूराः

# उपाधिका लागि ५ र १० नम्बर वडा भिड्ने

समाज संवाददाता

हेटौंडाः मकवानपुरको कैलाश गाउँपालिकामा जारी गाउँपालिकास्तरीय अन्तर–वडा प्रथम अध्यक्ष कप नकआउट रनिङशिल्ड फुटबल प्रतियोगिताको फाइनलमा समीकरण पूरा भएको छ । सोमबार सेमिफाइनलका दुबै खेल सम्पन्न भएसँगै प्रतियोगिताको फाइनल समीकरण पूरा भएको हो । प्रतियोगिताको उपाधिका लागि मंगलबार ५ नम्बर वडा र १० नम्बर वडाबीच प्रतिस्पर्धा हुनेछ । ५ नम्बर र १० वडाबीचको खेल दिउँसो २ बजे सुरु हुनेछ ।

सोमबार कैलाश–९ स्थित नामटारमा भएको पहिलो सेमिफाइनल खेलमा ३ नम्बर वडालाई २–० गोलले हराउँदै ५ नम्बर वडा फाइनलमा प्रवेश गरेको हो । ५ नम्बर वडाका लागि कप्तान मीनबहादुर लामा र खड्ग मोक्तानले गोल एक–एक गोल गरे । खेलको म्यान अफ द म्याच ३ नम्बर वडाका राजकुमार थिङ घोषित भए ।

यस्तै, दोस्रो सेमिफाइनल खेलमा १० नम्बर वडाले ९ नम्बर वडालाई २–० गोलअन्तरले हराउँदै फाइनल प्रवेश गरेको हो । १० नम्बर वडाको जितमा कप्तान अजय गुरुङ र मञ्जिल मोक्तानले एक–एक गोल गरे । खेलको म्यान अफ द म्याच ९ नम्बर वडाका सुनिङ थिङ घोषित भए । तेस्रो स्थानका लागि मंगलबार दिउँसो १ बजे ३ नम्बर वडा र ९ नम्बर वडाबीच प्रतिस्पर्धा हुनेछ । प्रतियोगिताको विजेता टिमले ६३ तोलाको कपसहित नगद ६० हजार रुपैयाँ, द्वितीय हुने टिमले ४० हजार र तृतीय हुने टिमले नगद २० हजार रुपैयाँ पुरस्कार पाउनेछन् ।

# बागमतीमा विव्यस समन्वय समिति

समाज संवाददाता

हेटौंडाः पालिकाको शैक्षिक अवस्थामा सुधार ल्याउने उद्देश्यले मकवानपुरको बागमती गाउँपालिकाका विद्यालय व्यवस्थापन समिति (विव्यस) का अध्यक्षहरुको भेला गरी समन्वय समिति गठन गरेको छ । सोमबार गाउँपालिकामा रहेका ५० वटा सामुदायिक विद्यालयका व्यवस्थापन समितिका अध्यक्षहरुको भेलाले बच्चु खड्का गोलेको अध्यक्षतामा पालिकास्तरीय समन्वय समिति गठन गरेको हो ।

समितिको उपाध्यक्षमा बलाराम पुलामी, सचिवमा राम बहादुर दर्लामी, सहसचिवमा मोहोन विक्रम कामी र कोषाध्यक्षमा अक्कल बहादुर सिङ्तान चयन हुनुभएको छ । यस्तै सदस्यमा सुरेन्द्र राई, शरण काजी श्रेष्ठ, डोरबहादुर थापा, श्याम लोप्चन, रेशम बहादुर वाईबा, हस्त बहादुर बोम्जन, माईलीमाया दोङ र धन बहादुर माझी चयन हुनुभएको छ । बागमती गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद विकास समितिमार्फत गाउँपालिकाले भेलाको आयोजना गरेको हो ।

भेलालाई सम्बोधन गर्नुहुँदै गाउँपालिका अध्यक्ष सर्केश घलानले विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धि गर्न अभिभावकको भूमिका बढाउन पालिकाका सबै विद्यालयको व्यवस्थापन समितिका अध्यक्षको भेला गरी समन्वय समिति गठन गरिएको जानकारी दिनुभयो । विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि शिक्षक, कर्मचारी, विद्यार्थीको निगरानी गर्न, सहयोगी र सहजकर्ताको रुपमा अभिभावकलाई क्रियाशील गराउन गाउँपालिकाले समन्वय समिति गठन गरेको अध्यक्ष घलानको भनाइ छ । व्यवस्थापन समितिका अध्यक्ष र अर्का एकजनालाई गाउँ शिक्षा समितिमा समावेश गरी अभिभावकको उपस्थितिलाई प्रभावकारी बनाउने घलानले स्पष्ट पार्नुभएको छ ।


हार्दिक बधाई




खेमराज सापकोटा
उपसभापति

सुमित्रा काफ्ले
मन्त्री

यस नवयुवा बचत तथा ऋण सहकारी संस्था लिमिटेडका कोषाध्यक्ष खेमराज सापकोटा र सेयर सदस्य सुमित्रा काफ्ले नेपाल रेडक्रस सोसाइटी मकवानपुर जिल्ला शाखाको अधिवेशनबाट सर्वम्मत उपसभापति र मन्त्री जस्तो गरिमामय पदमा सर्वसम्मत निर्वाचित हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

फुलमान श्रेष्ठ, अध्यक्ष
एवम् नवयुवा बचत तथा ऋण सहकारी संस्था लि. परिवार
हेटौंडा-११, नवलपुर

हार्दिक आभार



विष्णु ज्योति आधारभूत विद्यालयको ४५ औं अभिभावक भेलाबाट मलाई विद्यालयको व्यवस्थापन समितिको अध्यक्षमा सर्वसम्मत चयन गर्नु भएकोमा सम्पूर्ण अभिभावक, शिक्षक तथा शिक्षाप्रेमी समुदायप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने तर्फ सदासर्वदा मन, वचन र कर्मले लागि पर्ने प्रतिबद्धता व्यक्त गर्दछु ।

सूर्य बहादुर बल, अध्यक्ष
विष्णुज्योति आधारभूत विद्यालय
हेटौंडा–१२, भोर्ले

हार्दिक आभार



नेकपा माओवादी केन्द्र निकट नेपाल राष्ट्रिय निजामती कर्मचारी संगठनको शनिबार हेटौंडामा सम्पन्न भएको पाचौं अधिवेशनमा मलाई अध्यक्षमा सर्बसम्मत चयन गर्नु भएकोमा यस संगठनमा आवद्ध हुनु भएका तपाईहरु सम्पूर्ण सदस्यहरुलाई हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै संगठनको काम कर्तव्य र अधिकारको जिम्मेवारीपूर्ण ढंगले भूमिका निर्वाह गर्ने प्रतिबद्धता व्यक्त गर्दछु ।

बसन्त कुमार सिटौल, अध्यक्ष
नेपाल राष्ट्रिय निजामती कर्मचारी संगठन मकवानपुर

इन्जिनियरिङ तथा आर्किटेक्चर सेवाका लागि
हामी छौं सुन्दर नगरी हेटौंडामा



घरको नक्सा, डिजाइन, घरको थ्रीडी, डीपीआर, आइईई, ईआइए, इन्जिनियरिङ्ग सर्भे, लागत अनुमान, मूल्यांकन, स्टील स्ट्रक्चर, सम्पूर्ण निर्माणको कार्य, मास्टर प्लान, सुपरभिजन, इन्टेरियर डिजाइनको कार्यहरुका लागि सम्झनुहोस् ।

केवी ग्रुप अफ इन्जिनियरिङ प्रालि
हेटौंडा–२, नगरपालिकारोड
०५७–५२४६९४/९८४३०२८६३५

हेटौंडा रिफरेन्स ल्याबरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७ः00 बजेदेखि बेलुका ७ः00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्याबरोटरी,
हेटौंडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७





समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ